# मालिकार्जुन गाउँपालिकाको विनियोजन विधेयक, २०७५

मालिकार्जुन गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मितिः २०७५।०३।२४

प्रस्तावनाः मालिकार्जुन गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मालिकार्जुन गाउँसभाले यो विधेयक बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस विधेयकको नाम "मालिकार्जुन गाउँपालिकाको विनियोजन विधेयक, २०७५" रहेकोछ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक बर्ष २०७५\०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७५\०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३७ करोड २ लाख छयासी हजार तीन सय मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५\०७६ को निमित्त मालिकार्जुन गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।



२०७५।३।२४

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाँउपालिका

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ८१६६४३०० (अक्षरुपी-आठ करोड सोह लाख चौसठ्ठी हजार तीन सय) | १०७५७४१०० (अक्षरुपी-दश करोड पचहत्तर लाख चौहत्तर हजार एक सय) | ० | १८९२३८४०० (अक्षरुपी-अठार करोड बयानब्बे लाख अठतीस हजार चार सय) |
| २ | | वडा समिति | १६०००००० (अक्षरुपी-सोह लाख) | ३०३४७९०० (अक्षरुपी-तीन करोड तीन लाख सतचालीस हजार नौसय) | ० | ३१९४७९०० (अक्षरुपी-तीन करोड उन्नाइस लाख सतचालीस हजार नौ सय) |
| ३ | | विषयगत शाखा | १४९१०००० (अक्षरुपी-चौध करोड एकानब्बे लाख) | ० | ० | १४९१०००० (अक्षरुपी-चौध करोड एकानब्बे लाख) |
| ४ | | ऋणको साँवा ब्याज भूक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (सेयर\ऋण) | ० | ० | ० | ० |

२०८०।३।२४

(नरेन्द्र सिंह धामी)
अध्यक्ष
मालिकार्जुन गाउँपालिका